## बूढानीलकण्ठ स्कुल तथा साझेदारी कार्यक्रमअन्तर्गतको

# छात्रवृत्ति परीक्षासम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत बूढानीलकण्ठ स्कुल, काठमाडौं तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा कक्षा ५ देखि आवासीय रूपमा नि:शुल्क वा सहुलियत शुल्कमा अध्ययनका लागि विपन्न समुदायका जेहेनदार बालबालिकाहरूमध्येबाट छात्रवृत्तिमा छनोटका लागि तपसिल बमोजिमको सूचना प्रकाशित गरिएको छ ।

**१. छनोटका आधार :** वि.सं. २०७०/०१/०१ गतेदेखि २०७१/१२/३० गतेसम्म जन्म भई कम्तीमा कक्षा ३ र कक्षा ४ मा अभिभावकको बसोबास भएको जिल्ला वा छिमेकी जिल्लाको सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययन गरी शैक्षिक सत्र २०८० मा कक्षा ४ अध्ययन पूरा गरेका छात्र-छात्रामध्ये भौगोलिक क्षेत्र तथा लक्षित समुदायसमेतको प्रतिनिधित्व हुने गरी लिखित प्रतियोगितात्मक परीक्षाको नतिजाको योग्यताक्रमका आधारमा अन्तर्वार्ताबाट विद्यार्थी छनोट गरिने छ ।

**२. फाराम बुझाउने मिति र समय : २०८० चैत्र २८ गते बुधबार, दिउँसो १:०० देखि ४:०० बजेसम्म तथा**
**२०८० चैत्र २९ गते बिहीबार बिहान ८:०० बजे देखि १०:०० बजेसम्म**

दरखास्त फाराम bnks.edu.np, cehrd.gov.np वा moest.gov.np बाट डाउनलोड गरी रीतपूर्वक भरेर दरखास्त फाराममा तोकिएबमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजातसहित आफ्नो जिल्लालाई तोकिएका परीक्षा केन्द्रमा बुझाउनुपर्ने छ ।

**३. लिखित परीक्षा मिति र समय : २०८० चैत्र २९ गते बिहीबार, बिहान ११:०० बजे ।**

**४. पाठ्यक्रम :** कक्षा ४ मा पढाइ हुने विषयहरू : नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक शिक्षा र सामान्य ज्ञान ४० प्रतिशत वस्तुगत र ६० प्रतिशत विषयगत

**५. बूढानीलकण्ठ स्कुलका निमित्त खुला तथा आरक्षण सिटको सङ्ख्या : ४२ (५०% छात्रा रहने)**

(क) खुला र आरक्षणतर्फ गरी एक जिल्लाबाट एकजनाभन्दा बढी नहुने गरी ४० जना विद्यार्थी छनोट गरिने छ ।
(ख) आरक्षण सिट : लोपोन्मुख -२, दलित -४, मुस्लिम -१, मधेसी- ४, जनजाति - ५ र पिछडिएको क्षेत्र-२
(ग) विद्यालय रहेको स्थानीय तह बूढानीलकण्ठ नगरपालिकाभित्रका - २ जना (एक छात्र र एक छात्रा) ।

६. साझेदारी कार्यक्रमअन्तर्गतका साझेदारी स्कुलका निमित्त उपलब्ध भएसम्म जिल्ला नदोहोरिने गरी जम्मा ७७ जना विद्यार्थी छनोट गरिनेछ । यसमा आरक्षण (दलित -५, मुस्लिम - २, मधेसी - ६, जनजाति - ९, सहिद तथा द्वन्द्वपीडित परिवारका सन्तति र वैदेशिक रोजगारीको कममा मृत्यु भएको परिवारबाट - १ र छात्रा कम्तीमा २६ जना)

**७. साझेदारी कार्यक्रमका सहभागी विद्यालयहरू :**

१. शीतलादेवी माध्यमिक विद्यालय, धनकुटा
२. नवजीवन माध्यमिक विद्यालय, जुटपानी, सर्लाही
३. कुलेश्वर आवास माध्यमिक विद्यालय, कुलेश्वर, काठमाडौँ
४. बालमन्दिर माध्यमिक विद्यालय, लुम्ले, कास्की
५. जनता माध्यमिक विद्यालय, पाल्पा
६. वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालय, टीकापुर, कैलाली

**८. आवेदन दस्तुर :** रु. १००/- (एक सय मात्र) ।

९. परीक्षा केन्द्रहरू :

| क.सं. | परीक्षा केन्द्र, ठेगाना | परीक्षा केन्द्रमा सहभागी हुन पाउने जिल्लाहरू |
|---|---|---|
| १. | फिदिम मा.वि., फिदिम, पाँचथर | ताप्लेजुङ, पाँचथर र इलाम |
| २. | देवी मा.वि., बिर्तामोड, झापा | इलाम, झापा र मोरङ |
| ३. | वसन्त मा.वि., वसन्तपुर ,तेह्रथुम | धनकुटा, भोजपुर, तेह्रथुम र सङ्खुवासभा |
| ४. | जनता मा.वि., इटहरी, सुनसरी | उदयपुर, सुनसरी, मोरङ, सोलुखुम्बु र भोजपुर |
| ५. | हर्कपुर मा.वि., हर्कपुर (घुर्मी), उदयपुर | ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ, उदयपुर र भोजपुर |
| ६. | पशुपति आदर्श मा.वि., लहान, सिराहा | सिराहा, उदयपुर र सप्तरी |
| ७. | सरस्वती मा.वि., जनकपुरधाम, धनुषा | धनुषा, सिन्धुली, सर्लाही र महोत्तरी |
| ८. | जनज्योति मा.वि. चन्द्रनिगाहपुर, रौतहट | रौतहट, पर्सा, बारा र सर्लाही |
| ९. | जनज्योति मा.वि., गोलन्जोर, खुर्कोट, सिन्धुली | सिन्धुली, रामेछाप र दोलखा |
| १०. | आधुनिक राष्ट्रिय मा.वि., हेटौँडा, मकवानपुर | मकवानपुर, पर्सा, चितवन, धादिङ र ललितपुर |
| ११. | दुलालेश्वर मा.वि., भुम्लु, दोलालघाट, काभ्रेपलान्चोक | काभ्रेपलान्चोक, दोलखा, रामेछाप र सिन्धुपाल्चोक |
| १२. | पृथ्वी मा.वि, बिदुर, नुवाकोट | नुवाकोट, धादिङ र रसुवा |
| १३. | बूढानीलकण्ठ स्कुल, काठमाडौं | काठमाडौं, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ र सिन्धुपाल्चोक |
| १४. | पवित्रा मा.वि., नाहाला, डुम्रे, तनहुँ | तनहुँ, गोरखा, मनाङ, लमजुङ, नवलपरासीपूर्व र चितवन |
| १५. | संस्कृत मा.वि., बगर, पोखरा, कास्की | कास्की, स्याङ्जा, लमजुङ, तनहुँ, पर्वत र मनाङ |
| १६. | बेनी सामुदायिक मा.वि., बेनी, स्याग्दी | बागलुङ, मुस्ताङ, पर्वत, स्याग्दी र मनाङ |
| १७. | आदर्श मा.वि., परासी, नवलपरासी पश्चिम | रूपन्देही, कपिलवस्तु, नवलपरासी पूर्व, नवलपरासी पश्चिम र चितवन |
| १८. | राष्ट्रिय मा.वि. भालुवाङ, देउखुरी, दाङ | दाङ, सल्यान, प्युठान, रोल्पा, रुकुम पूर्व, अर्घाखाँची र कपिलवस्तु |
| १९. | जनता मा.वि., तानसेन, पाल्पा | रूपन्देही, पाल्पा, कपिलवस्तु, गुल्मी, स्याङ्जा, र अर्घाखाँची |
| २०. | सरस्वती मा.वि., नेपालगन्ज, बाँके | बाँके, बर्दिया, सल्यान र डोल्पा |
| २१. | शीतल मा.वि., चौरजहारी, रुकुमपश्चिम | रुकुम पश्चिम, रुकुम पूर्व, जाजरकोट, सल्यान र डोल्पा |
| २२. | नेपाल राष्ट्रिय मा.वि., बडाखोली, वीरेन्द्रनगर, सुर्खेत | सुर्खेत, सल्यान, कालिकोट, जुम्ला, डोल्पा, दैलेख र जाजरकोट र अछाम |
| २३. | मानसरोवर मा.वि.,सिमिकोट, हुम्ला | हुम्ला |
| २४. | महाकाली मा.वि., गमगढी, मुगु | बाजुरा, जुम्ला, कालिकोट र मुगु |
| २५. | दुर्गालक्ष्मी नमुना मा.वि., अत्तरिया, कैलाली | कैलाली, बर्दिया, कञ्चनपुर, डडेलधुरा र डोटी |

| | | |
|---|---|---|
| २६. | कृष्ण मा.वि., पाटन, बैतडी | डडेलधुरा, बैतडी, दार्चुला र बझाङ |
| २७. | जनकल्याण मा.वि., साँफेबगर, अछाम | अछाम, डोटी, बझाङ र बाजुरा |

## १०. दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरू :

(१) तोकिए बमोजिमको दरखास्त फारामका साथ देहायका कागजातहरू पेस गर्नुपर्ने छ :

(क) माग गरिएको विवरण भरी तोकिएबमोजिमका व्यक्ति (सम्बन्धित प्रधानाध्यापक र स्थानीय तहको शिक्षा प्रमुख) बाट प्रमाणित गरिएको दरखास्त फाराम,

(ख) स्थानीय तहले आमा-बाबु/संरक्षकको मासिक आम्दानीसमेत खुलाई दिएको विपन्नताको सिफारिसपत्र,

(ग) स्थानीय पञ्जिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्र

(घ) स्थानीय तहबाट अभिभावक र विद्यार्थीसँगको नाता खुलाइएको पत्र

(ङ) अभिभावक/संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

स्पष्टीकरण : अभिभावक भन्नाले हजुरबुबा, हजुरआमा, बाबु, आमा, दाजु वा दिदीलाई जनाउँछ ।

(ङ) अघिल्ला २ शैक्षिक सत्रको कक्षा, विद्यालय कोड, विद्यार्थी ID सहित अद्यावधिक IEMIS मा भएको विद्यार्थीको सम्बन्धित विद्यालयहरूबाट प्रमाणित विवरण ।

(च) आरक्षित स्थानमा उम्मेदवार हुन चाहने देहायका समूहका व्यक्तिले दरखास्त साथ देहायबमोजिमको निकायको सिफारिसपत्र :

अ) जनजातिको हकमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

आ) दलितको हकमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

इ) मधेसी समुदायको हकमा मधेसी आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

ई) मुस्लिम समुदायको हकमा मुस्लिम आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

उ) बेपत्ता पारिएका व्यक्ति वा सहिद परिवार तथा घाइते वा निजको सन्तति (छोरा-छोरी) को हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

ऊ) पिछडिएको दुर्गम क्षेत्रका हकमा सम्बन्धित स्थानीय तहबाट हालसम्म सोही स्थानमा स्थायी बसोबास रहेको र निज विद्यार्थीले कक्षा ३ र ४ सामुदायिक विद्यालयमा अध्ययन गरेको भनी खुलाइएको ।

(२) तोकिएको परीक्षा केन्द्रमा परीक्षाका लागि निर्धारित दिनमा सम्बन्धित अभिभावकले परीक्षा सञ्चालन टोलीसमक्ष दरखास्त फाराम तथा आवश्यक कागजातहरू पेस गर्नुपर्ने छ ।

## ११. दरखास्त फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरू :

(१) सम्बन्धित अभिभावकको एक सन्तान बूढानीलकण्ठ स्कुलमा अध्ययनरत भएमा निजको अर्को सन्तानलाई बूढानीलकण्ठ स्कुलको हकमा छात्रवृत्ति प्रदान गरिने छैन ।

(२) छात्रवृत्ति छनोट समितिले परीक्षामा सामेल विद्यार्थीका अभिभावकको निश्चित आय सीमा निर्धारण गरी फाराम स्वीकृत वा अस्वीकृत गर्नसक्ने छ ।

(३) जिल्लालाई तोकिएका केन्द्रहरूबाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइने छैन । जिल्ला भन्नाले विद्यार्थी कक्षा ४ मा अध्ययन गरिरहेको सामुदायिक विद्यालय रहेको जिल्ला सम्झनु पर्छ ।

(४) रीतपूर्वक नभरिएको फाराम स्वत: रद्ध हुने छ ।

(५) नेपाल सरकारको उपसचिव वा सो सरह र सोभन्दा माथिको पदमा कार्यरत कर्मचारीको छोरा छोरीले छात्रवृत्ति छनोट परीक्षामा सहभागी हुन सक्ने छैनन् ।